## १. केन्द्रीय समितिको पदाधिकारीको उम्मेद्वारी शुल्क

**उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्बन्धमा**

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसूची-१ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार केन्द्रीय निर्वाचन समितिको कार्यालयमा उम्मेदवारको मनोनयन गर्न पाउने छन् ।

२. उम्मेदवार हुनका लागि अनुसूची २ बमोजिमको ढाँचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

३. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदातामध्येएकजनाले प्रस्ताव गरेको र एकजनालेसमर्थन गरेको हुनुपर्नेछ । प्रस्तावक र समर्थक व्यक्ति मताधिकार रहेको हुनुपर्नेछ ।

४. मनोनयन दर्ताको लागिउम्मेदवारले देहाय बमोजिमको शुल्क समेत दाखिल गर्नुपर्नेछ :

    क. अध्यक्षले रु.१०,०००।- (दश हजार)

    ख. केन्द्रीय पदाधिकारीको लागिरु.८,०००।- (आठ हजार)

    ग. केन्द्रीय कार्यसमिति सदस्य, लेखा समिति संयोजक तथा सदस्यहरुको लागि रु.६,०००।- (छ हजार)

५. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

६. कुनै उम्मेदवार मनोनयन गर्न निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेस मार्फत समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

७. महासंघको अध्यक्ष पदमा उम्मेदवार हुन चाहने व्यक्तिले विधानको धारा १६(८) बमोजिम लगातार १० वर्ष र अन्य पदका लागि लगातार ७ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनुपर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा निर्वाचनमा उम्मेदवारी मनोनयनको मितिमा तोकिएको वर्ष पूरा भएको हेरिने छ ।

प्रदेश समिति पदाधिकारीको उम्मेद्वारी शुल्क

**<u>उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्वन्धमा</u>**

५. मनोनयन दर्ताको साथमा पदाधिकारी तथा सदस्य , प्रदेश परिषद सदस्य/केन्द्रिय परिषद सदस्य पदका उम्मेदवारले देहाय बमोजिमको मनोनयन शुल्क बुझाएको सक्कलप्रति भौचर दाखिल गर्नु पर्नेछ :

क. अध्यक्ष रु, ७,०००।- (सात हजार ।)

ख. उपाध्यक्ष रु, ५,०००।- (पाँच हजार ।)

ग. महासचिव रु, ५,०००।- (पाँच हजार ।)

घ. सचिव रु, ५,०००।- (पाँच हजार ।)

ङ. कोषाध्यक्ष रु, ५,०००।- (पाँच हजार ।)

च. सदस्य रु, ४,०००।- (चार हजार ।)

छ. प्रदेश परिषद सदस्य रु.१,०००।- (एक हजार ।)

ज. केन्द्रिय परिषद सदस्य रु.१,०००।- (एक हजार ।)

६. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

७. कुनै उम्मेदवार मनोनयन गर्न प्रदेश निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेसमार्फत समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

८. महासंघको प्रदेश समितिको अध्यक्ष पदको लागी ७ वर्ष र अन्य पदको लागी ५ महासंघको अविच्छिन्न सदस्य भएको हुनु पर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा मनोनयन दर्ता गर्ने दिन सम्म ७ र ५ वर्ष पूरा भएको हुनु पर्नेछ ।

## शाखा पदाधिकारी उम्मेद्वारी शुल्क

### उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्वन्धमा

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसुचि १ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारको मनोनयन गर्न पाउने छन् ।

२. उम्मेदवार हुनको लागि अनुसुचि २ बमोजिमको ढाचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

३. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदाताहरुमध्ये एक जनाले प्रस्ताव गरेको र एक जनाले समर्थन गरेको हुनुपर्ने छ । तर, मतदान गर्नपाउने संख्याभन्दा बढी व्यक्तिका लागि प्रस्तावक र समर्थक बस्न पाइने छैन ।

४. मनोनयन दर्ताको साथमा उम्मेदवारले देहाय बमोजिमको शुल्कसमेत दाखिल गर्नुपर्ने छ :

   क. अध्यक्ष रु. २,००० (दुई हजार)

   ख. अन्य पदाधिकारी रु. १,००० (एक हजार)

   ग. सदस्य पदकालागि रु. ५०० (पाँच सय)

   घ. केन्द्रिय तथा प्रदेश परिषद सदस्य पदको लागी रु.१,००० (एक हजार)

५. उपनियम ४ बमोजिम दाखेल भएको उम्मेदवारी शुल्क उम्मेदवारी फिर्ता लिएमा वा निर्वाचित भएमा वा पराजित भएमा समेत फिर्ता गरिने छैन ।

६. कुनै उम्मेदवार मनोनयन गर्न तोकिएको समयमा निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट वारेसले समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

७. विधानको धारा १६(७) को अधीनमा रही कुनै पदमा उम्मेदवारी दिन चाहने व्यक्ति पहिला दुई पटक पदाधिकारी भई कार्य गरेको रहेछ भने पुनः सोही पदमा उम्मेदवारी दर्ता गर्न पाउने छैन ।

८. शाखाको अध्यक्ष पदमा उम्मेदवार हुने व्यक्तिले विधानको धारा १६(घ) बमोजिम ७ वर्ष महासंघको सदस्य भएको हुनुपर्ने छ । तर पहिलो पटक शाखा स्थापना भएको ७ वर्ष नपुगेको शाखामा हुने निर्वाचनमा यो प्रावधान लागू हुने छैन ।